नेपाल नागरिक उड्डयन प्राधिकरण

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको मिति २०७९।०३।०१ गते संचालन हुन गईरहेको पूर्ण संकटकालिन अवस्थाको अभ्यास संचालन गरिने सम्वन्धि सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०७९।०२।३०)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयद्वारा मिति २०७९।०३।०१ गते (15th june 2022) बुधबारका दिन दिउँसो १५:०० बजे हवाई उडान सेवासंग सम्बद्ध विभिन्न निकायहरुको सहभागितामा विमानस्थल संकटकालिन योजना (Airport Emergency Plan) अनुसार पूर्ण संकटकालिन अवस्थाको अभ्यास संचालन गरिने । परिकल्पना गरिएको घटना अनुसार अभ्यासको क्रममा विमानस्थल परिसरमा कुनै वायुयान दुर्घटना भई आगलागी हुने जसको कारण विमानस्थल वरिपरिको आकाशमा कालो धुवाँको मुस्लो देखिने । घटनाको प्रतिकार्यको लागि दमकल, सुरक्षाकर्मी, एम्बुलेन्स तथा अन्य गतिविधिमा तिव्रता आएको देख्न सकिने छ । यो अभ्यासको क्रममा स्थानीय समय अनुसार दिनको १५:०० देखि १५:३० सम्म यस विमानस्थलका सम्पुर्ण उडान अवतरणहरु प्रभावित हुन सक्ने छन् । यो वास्तविक दुर्घटना नभई यस विमानस्थलको Airport Emergency Plan को अनिवार्य व्यवस्था अनुसार गरिने योजनावद्ध अभ्यास मात्र भएको व्यहोरा सर्वसाधारण तथा विमानस्थल वरपरका वासिन्दाहरुलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।